तपाईंलाई

शान्ति होस् !



तपाईंलाई शान्ति होस् !

आज यहाँ तपाईंलाई शान्ति होस् भन्ने मनसायले म तपाईंको सामु शान्तिको बाटो प्रस्तुत गर्छु, जसरी पवित्र बाइबलमा, विशेष गरी रोमीहरूलाई लेखिएको पावलको पत्रमा हामीलाई यस विषयमा शिक्षा दिइएको छ । तपाईंले परमेश्वरको वचनका यी खण्डहरूमा लेखिएको कुरामाथि ध्यान दिनुभयो भने, तपाईंले शान्ति पाउनुहुनेछ । मनको शान्ति एउटा कुरा हो; तर अर्को शान्ति पनि छ र त्यो झन् महत्त्वपूर्ण होः परमेश्वरको शान्ति, अनि यो शान्तिचाहिँ अलौकिक र आत्मिक कुरा हो । यसकारण आउनुहोस्, हामी यस आत्मिक शान्तिमा पुऱ्याउने शान्ति-पथ अन्तसम्म हिँड्दै गरौं, र अन्त्यमा परमेश्वरको निग्राहमा यो दिव्य शान्ति प्राप्त गरौं ।

रोमी १:७: 'हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति !'

शान्तिचाहिँ परमेश्वर पिताबाट प्रभु येशू ख्रीष्टमार्फत पाउने अनुग्रहको दान हो । यसकारण हामीले पहिले परमेश्वरलाई पिताको रूपमा चिन्नुपर्छ, नत्र हामी साँचो शान्ति पाउन सक्दैनौं । किनकि शान्ति एउटा अमूल्य वरदान हो, जुन कुराचाहिँ हाम्रो पेवा होइन, तर पूरापूर परमेश्वरको हातमा छ । अनि उहाँले त्यो आशिष आफ्ना

छोराछोरीहरूको निम्ति राख्नुभएको छ । याद रहोस्ः तेस्रो दिनमा मरेकाहरूको बीचबाट बौरिउठ्नुभएको जीवित प्रभु येशूले आफ्ना चेलाहरूलाई सधैं *'तिमीहरूलाई शान्ति'* भनेर सम्बोधन गर्नुभयो (यूहन्ना २०:२१ र २६) । किनकि शान्ति उहाँले क्रूसको बलिदान-द्वारा खारिद गर्नुभएको उहाँको सम्पत्ति हो ।

अहँ, हामी कुनै हालतमा पनि आफैले शान्ति सृजना गर्न सक्दैनौं । त्यसको निम्ति कोशिश नगरे हुन्छ । यसकारण अशान्तिमा बस्नुभन्दा, रक्सीमा डुब्नुभन्दा र अन्य मोजमज्जाका साधनको सहारा लिनुभन्दा बरु हामी आफूलाई यो प्रश्न गरौंः 'के म सृष्टिकर्ता परमेश्वरलाई वयक्तिगत रूपले चिन्दछु ? के परमेश्वर मेरा पिता हुनुहुन्छ ?' किनकि जस-जसले प्रभु येशूलाई विश्वासद्वारा ग्रहण गरेका छन् र उहाँलाई आफ्ना प्रभु र मुक्तिदाता तुल्याएका छन्, तिनीहरू सबैले परमेश्वरको सन्तान हुने हक पाएका छन् (यूहन्ना १:१२); अनि परमेश्वर तिनीहरूका आत्मिक बुबा हुनुभएको छ (यूहन्ना १:१३) । तिनीहरूको जीवनमा एउटा आत्मिक परिवर्तन आएको छ । त्यसको विषयमा कसरी निश्चित हुन सकिन्छ ? प्रभु येशूलाई ग्रहण गरेर तपाईंको मनमा अलौकिक शान्ति आउँछ ।

रोमी २:१०: 'असल काम गर्ने हरेक मानिसलाई महिमा, आदर र शान्ति मिल्छ ।'

यस पदअनुसार असल काम गर्ने हरेक मानिसलाई महिमा, आदर र शान्ति पाउने हक हुन्छ । तर के गर्ने ? हामीमध्ये असल गर्ने कोही पनि छैन । यसकारण स्वभावैले पापी भएको मानिस, अँ, कर्मले अधर्मी भएको मानिसले कुनै परिस्थितिमा पनि आदर, महिमा

र शान्ति दाबी गर्न सक्दैन । किनभने परमेश्वर भन्नुहुन्छः पापी मानिसहरूको निम्ति शान्ति हुँदैन (यशैया ५७:२१) ।

रोमी ३:१७: 'शान्तिको बाटोको बारेमा तिनीहरू अनजान छन् ।'

शान्तिको बाटो छँदैछ; तर अफसोस, धेरै मानिसहरू यसको बारेमा अनजान छन् । यसकारण मानिसले शान्तिको बाटो कुनचाहिँ हो, र कहाँ छ, सो जान्नुपर्छ । मानिसमा सत्यको ज्ञान हुनुपर्छ । मानिसले मुक्ति पाउनुपर्छ । मुक्तिविना साँचो शान्ति हाम्रो हुँदैन; मुक्ति नपाएको मानिसको निम्ति शान्तिचाहिँ एउटा मृगतृष्णा हो । किनभने हाम्रो जीवनमा शान्ति आउन नदिने र शान्ति रोक्ने बाधा हाम्रा अधर्महरू हुन् । यसकारण आफ्ना पापहरूको विषयमा अनजान नरहनुहोस्; यो हाम्रो अनुरोध हो । आफ्नो आत्मिक अवस्था बुझ्नुहोस्; यो हाम्रो विन्ती हो । शान्तिको बाटो कुनचाहिँ हो, सो जान्ने कोशिश गर्नुहोस्; यो तपाईंको कर्तव्य हो । तपाईंको निम्ति हाम्रो शुभेच्छा र चाहना होः ढिलो नगरी शान्तिको बाटोमा आफ्ना खुट्टा टेक्नुहोस् ! तब शान्ति तपाईंको अमूल्य धन हुनेछ ।

रोमी ५:१: 'विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ ।'

सृष्टिकर्ता परमेश्वरसँग मेलमिलाप राख्ने बाटो यस प्रकारको छः हामीले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ । परमेश्वरको दृष्टिमा धर्मी ठहरिने एकमात्र उपाय यही हो । किनकि धर्मकर्महरू गरेर कोही पनि परमेश्वरको सामु धर्मी ठहरिँदैन । यो त थाङ्ना लगाउने

हाम्रो व्यर्थ कोशिश पो गनिन्छ । यसरी शान्ति मिल्दैन । यसकारण धार्मिकताको वस्त्र लगाउनुहोस्, प्रभु येशूमाथि विश्वास गरेर ! किनकि प्रभु येशू क्रूसमा मर्नुभयो, र उहाँले हाम्रो पापको क्षमाको निम्ति आफ्नो पवित्र, निष्कलङ्क रगत बगाएर हाम्रो निम्ति पापको क्षमा पाउने दाम तिरिदिनुभयो । अनि उहाँ हाम्रा प्रभु हुनुभयो भने, हामीले पवित्र परमेश्वरसँग मेलमिलाप पाएका हुन्छौं । किनभने हाम्रो शान्ति उहाँ हुनुहुन्छ (एफेसी २:१३-१४) । किनकि प्रभु येशूको बहुमूल्य रगत हाम्रो निम्ति शान्ति कमाउने दाम हो । यसले परमेश्वर र हाम्रो बीचमा मेलमिलाप किनिदिएको छ । अनि यसको आधारमा हामीलाई शान्ति उपलब्ध गरिएको छ ।

हामी यो कुरा दोहोऱ्याएर भन्छौं: दुईवटा विपरीत पक्षहरूको बीचमा मेलमिलाप आउनु हो भने, त्यसमा कुनै न कुनै सर्त हुनुपर्छ । अनि हामीसँग मेलमिलाप गर्ने परमेश्वरको सर्त यही हो: हामीले आफ्नो निम्ति ख्रीष्ट येशूको बलिदान ग्रहण गर्नुपर्छ र यस बलिदानको आधारमा परमेश्वरसँग मेलमिलाप सम्भव छ, अरू कुनै सर्तमा होइन ।

रोमी ८:६: 'शरीरमाथि मन लगाउनुचाहिँ मृत्यु हो, तर आत्मामाथि मन लगाउनुचाहिँ जीवन र शान्ति हो ।'

ख्रीष्ट येशूकहाँ फर्केएको मानिसले आशिषको रूपमा परमेश्वरबाट दुईवटा कुरा सित्तैंमा पाउँछ: उसले आफ्ना जम्मै पापहरूको निम्ति पापको क्षमा पाउँछ, र उसले वरदानको रूपमा पवित्र आत्मा पाउँछ । एक त, ख्रीष्ट-विश्वासीले पाएको अमूल्य दान पापको क्षमा हो । अनि दोस्रो अमूल्य दान पवित्र आत्मा हुनुहुन्छ;

हामीले विश्वास गरेको दिनदेखि उहाँले हामीभित्र आएर वास गर्नुभएको हो ।

अब हामी विवेकशील मानिस भएर जिउनुपर्छ र एउटा असल विवेक कायम राख्नुपर्छ, नत्र हामी पापमा डुब्छौं । अबदेखि उसो हामी शरीरका अभिलाषाहरू पूरा गर्दै जिउनुहुँदैन । त्यतातिर हामीले ध्यान दिनुहुँदैन; हाम्रो आत्मिक जीवनको महाशत्रु यही हो । यसैले आत्मिक कुराहरूप्रति हामीले आफ्नो मन र आफ्नो ध्यान लगाउनुपर्छ । किनकि पापको कुरामाथि मन लगाउने मानिस आत्मिक प्रगति गर्न सक्दैन; अहँ, प्रगति गर्नुभन्दा बरु उसको आत्मिक जीवन मर्छ । तर धन्य त्यो मानिस हो, जसले आत्मिक कुराहरूमाथि मन लगाउन सिकेको छ; किनकि जीवन र शान्ति, अँ, स्वर्ग उसको हुनेछ ।

रोमी १०:१५: 'ओहो, शान्तिको सुसमाचार प्रचार गर्ने र असल खबर ल्याउनेहरूका पाउहरू कति सुन्दर छन् !'

हामी ती मानिसहरूलाई धन्यवाद दिन्छौं र धन्यका भन्छौं, जसले हामीलाई शान्तिको सुसमाचार सुनाए र हाम्रो जीवनमा असल खबर ल्याए । किनकि यो मुक्तिको सुसमाचार नसुनीकन हामीले कुनै हातलमा पनि मुक्ति पाउनेथिएनौं । सुसमाचार नसुनी हामीले प्रभु येशूमाथि विश्वास गर्ने अवसर पाउनेथिएनौं र परमेश्वरसित मेल-मिलाप राख्न पाउनेथिएनौं; अनन्त जीवन र स्वर्गको आशा हाम्रो हुनेथिएन । हाम्रो आत्मिक जीवनको कुञ्जी यो मुक्तिको सुसमाचार हो । तब हामीले यो सुसमाचार आफैसँग कसरी राख्ने ? अरूलाई नसुनाउनु, कसरी ? होइन, होइन, आउनुहोस्, हामी एक-दुई कदम

चालौं, र हाम्रा छिमेकी र साथीहरूलाई यो शान्तिको शुभ सन्देश सुनाऔं ! उनीहरूलाई पनि मुक्ति र शान्ति पाउनु खाँचो पर्छ ।

रोमी १४:१७: 'परमेश्वरको राज्य खानपिन होइन, तर धार्मिकता, शान्ति र आनन्द हो, पवित्र आत्मामा ।'

ख्रीष्ट येशूकहाँ फर्केर आउनेहरूको निम्ति परमेश्वरको राज्य मुख्य हो । तिनीहरू त्यसका नागरिक भए । किनकि तिनीहरू अन्धकारबाट ज्योतिमा आएका छन् । तिनीहरूले शैतानको पक्राउबाट छुटकारा पाएर प्रभु येशूको राज्यमा आफ्नो आत्मिक ठहर र बसाइ सारेका छन् (कलस्सी १:१३) । अनि उहाँको राज्यमा धार्मिकता, शान्ति र आनन्द पवित्र आत्माको फल हो । अनि एफेसी ५:९ पदअनुसार भलाइ, धार्मिकता र सत्यता ज्योतिका सद्गुण हुन् । धार्मिकता, शान्ति र आनन्दजस्तै सद्गुण-हरूबाट परमेश्वरको राज्यका नागरिकहरूलाई चिनिन्छ, र यसैबाट अरूले हामीलाई चिन्नुपर्छ । यसो हो भने, भलाइ, धार्मिकता र सत्यता हाम्रै सद्गुण हुनुपर्छ । यसकारण अन्धकारका सबै कामहरू एकैपल्ट सधैंको निम्ति आफ्नो जीवनबाट फालौं, र ज्योतिमा हिँड्दै गरौं !

रोमी १४:१९: 'यसकारण हामी शान्तिका कुराहरूको पछि र एक-अर्कालाई उन्नति गर्ने कुराहरूको पछि लागौं !'

प्रेरित पावलले यहाँ, यस पदमा हामीलाई शान्तिसित सम्बन्धित कुराहरूको पछि लाग्नुपर्छ भन्ने शिक्षा दिएका छन् । के हामी शान्तिको निम्ति कुन-कुन कुराको आवश्यक पर्छ, सो जान्दछौं ? के

हामी एक-अर्काको उन्नति गर्न जानेका छौं ? यस सम्बन्धमा यो अनिवार्य छः यसो गर्न हामीलाई माथिबाटको बुद्धि चाहिन्छ, जुन बुद्धि शुद्ध छ, मिलनसार छ, कोमल छ, मनाउँदा मानिहाल्ने किसिमको छ, दयावान् हुन्छ; यसमा पक्षपात र कपट छैन (याकूब ३:१७) । यसकारण हामीबाट जतिसम्म सम्भव हुन्छ, हामी सबै मानिसहरूसँग सकभर मेलमिलापमा बस्नुपर्छ (रोमी १२:१८) ।

रोमी १५:१३: 'अब आशाका परमेश्वरले तिमीहरूलाई विश्वास गरेकोमा सारा आनन्द र शान्तिले भरिदिएका होऊन् !'

हाम्रा परमेश्वर हामीलाई जीवित आशा दिनुहुने परमेश्वर हुनुहुन्छ । यसैले हामी सदैव उहाँमाथि विश्वास र भरोसा राखौं ! उहाँको घनिष्ठ सङ्गतमा आनन्द र शान्ति अनुभव गरिन्छ । यस पदअनुसार उहाँले हामीलाई आनन्द र शान्तिले पूर्ण र टन्न पारि-दिनुहुन्छ । अनि जो उहाँको आनन्द र शान्तिले भरिएको हुन्छ, त्यो मानिस परम सुखी हुन्छ; ऊ परीक्षामा पर्नदेखि सुरक्षित रहन्छ ।

रोमी १५:३३: 'अब शान्तिका परमेश्वर तिमीहरू सबैसँग रहिरहून् ! यस्तै होस् ! !'

हाम्रा परमेश्वर शान्तिका परमेश्वर हुनुहुन्छ । अनि उहाँ सधैं हामीसँग रहनुभयो भने, यो त हाम्रो निम्ति स्वर्गको अनुभवजत्तिकै हो । अनि उहाँको दिव्य शान्ति निस्सन्देह हाम्रो निम्ति स्वर्गको धनको पैंचो, धरौट र बैना गनिन्छ । यो घिउसित लड्डु खाने कुरा होइन है । शान्तिका परमेश्वर सधैं तपाईंसँग रहिरहून् !

रोमी १६:२०: 'शान्तिको परमेश्वरले चाँड़ै शैतानलाई तिमीहरूका पैतालामनि कुल्चनुहुनेछ ।'

हाम्रो निम्ति शान्तिका परमेश्वरको अन्तिम काम के हो त ? उहाँले शैतानलाई, हाम्रो विरोधी र शत्रुलाई हाम्रै पैतालामनि कुल्चनुहुनेछ । परमेश्वरलाई धन्यवाद होस्; किनकि चाँड़ै उहाँले यसो गर्नुहुनेछ । शैतानले हामीलाई हाम्रो जीवनमा सधैंभरि बाधा दिन पाउँदैन । त्यसका दिनहरू गनिएका छन् । त्यसले हामीलाई घरिघरि पापमा फसाउन पाउँदैन । परमेश्वरलाई धन्यवाद होस् ! अनि परमेश्वरको अधीनतामा रहेर हामी शैतानको विरोध गर्न सक्छौं, र त्यो टाप हामीबाट भाग्नुपर्छ (याकूब ४:७) । अनि त्यो दिन आउँछ, र चाँड़ै हुने नै छ, जुन दिनमा प्रभु येशूद्वारा हामी शैतानलाई हाम्रा पाउमनि कुल्चनेछौं । तब हाम्रो संघर्ष सकिनेछ, परमेश्वरको राज्य स्थापित हुनेछ र अनन्त शान्ति हाम्रो हुनेछ ।

प्रिय पाठक मित्र, हामीले यहाँ छोटकारीमा पवित्र बाइबलको एउटा पत्रबाट तपाईंको सामु शान्ति पुऱ्याउने शान्ति-पथ पेश गरेका छौं – त्यस आशामा, कि तपाईं अब आफ्नो कदम चाल्नुहुन्छ र शान्तिको बाटोमा खुट्टा टेक्नुहुनेछ । परमेश्वरले तपाईंलाई आफ्नो अमूल्य दिव्य शान्ति दिनुभएको होस् !

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई आफ्नो जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्यक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्:

www.nbcinepal.org

